सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक २३ ♦ २०८३ साल कार्तिक १३ शुक्रवार ♦ 30 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्किनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

शून्य सिटपछि मधेसवादी दलको मोर्चाबन्दी, संगठन सुदृढीकरणमा जोड

आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनलाई लक्षित गर्दै सहकार्य र आन्दोलनको तयारी

खबर दर्पण समाचारदाता

कार्तिक १२ गते, बर्दिवास









गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा कुनै पनि सिट जित्न नसकेका मधेस केन्द्रित राजनीतिक दलहरू आगामी वर्ष हुने स्थानीय तह र प्रदेश सभा निर्वाचनको तयारीमा जुटेका छन् । निर्वाचनमा कमजोर नतिजा आएपछि ती दलहरू संगठन सुदृढीकरण, आपसी सहकार्य र राजनीतिक मुद्दालाई पुनः स्थापित गर्ने रणनीतिमा केन्द्रित भएका हुन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टी नेपाललगायत दलले संगठन विस्तार तथा पुनर्गठनका काम अघि बढाएका छन् । जनमत पार्टीले महाधिवेशन सम्पन्न गरि सकेको छ भने जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच एकता भई संगठनात्मक समायोजनको प्रक्रिया अघि बढेको छ ।

आगामी निर्वाचनलाई लक्षित गर्दै मधेस केन्द्रित दलसहित विभिन्न राजनीतिक शक्तिले अग्रगामी मोर्चासमेत गठन गरेका छन् । मोर्चामा आबद्ध दलहरू साझा मुद्दा र चुनावी सहकार्यका आधार मा अघि बढ्ने तयारीमा छन् ।

मोर्चामा जसपा नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी र खम्बुवान राष्ट्रिय मोर्चालगायत नौ राजनीतिक दल आबद्ध छन् ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आगामी निर्वाचनमा प्रदेशमा जसपा नेपालको संसदीय दलले पार्टीको निर्णयविपरीत सरकारमा सहभागी हुने निर्णय गरेको छ ।

निर्वाचनलाई लक्षित गर्दै मोर्चाले छठ पर्वपछि आन्दोलन सुरु गर्ने तयारीसमेत गरेको छ । मंसिर १० गते काठमाडौंको टुँडिखेलबाट आन्दोलन घोषणा गर्ने गरी तयारी भइरहेको जनाइएको छ ।

एउटै चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्ने वा सिट बाँडफाँट गरेर उम्मेदवारी दिने विषयमा छलफल भइरहेको बताएका छन् । तर, तत्काल पार्टी एकता गर्ने सम्भावना नरहेको उनको भनाइ छ ।

'विगतमा दलहरूबीच पटक-पटक एकता भएकै हो, तर त्यो एकता टिक्न सकेन । त्यसैले एकताभन्दा पनि मोर्चालाई बलियो बनाएर अगाडि बढ्ने कुरा भएको छ,' राउतले भने । मोर्चाले मतदाताको विश्वास पुनः प्राप्त गर्ने उद्देश्यले आगामी प्रदेश सभा निर्वाचनसम्म कुनै पनि सरकारमा सहभागी नहुने घोषणा गरेको छ । यही निर्णयअनुसार मोर्चामा आबद्ध अधिकांश दल सरकारमा सहभागी नभए पनि लुम्बिनी

बाँकी पृष्ठ ३ मा

जनता र पार्टीलाई जोड्नका लागी मंसिर महिनाभरि देशव्यापी अभियान सञ्चालन गरिने : गगन थापा

खबर दर्पण समाचारदाता

कार्तिक १२ गते, बर्दिवास

नेपाली कांग्रेसका सभापति गगन थापाले जनता र पार्टीलाई जोड्नका लागी मंसिर महिनाभरि देशव्यापी अभियान सञ्चालन गरिने बताउनुभएको छ ।

नयाँ कार्यसमिति सदस्यहरुको सपथ ग्रहणपछि पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमितिको पहिलो बैठकमा सभापति थापाले 'हामी तयार छौं' भन्ने सन्देशसहित मंसिर महिनाभरि देशव्यापी अभियान सञ्चालन गरिने बताउनुभएको हो । उहाले छिटै पार्टीको पूर्ण बैठक बसेर रीतपूर्वक सबैको धारणा सुन्ने र त्यसका आधार मा ४ वर्षको क्यालेन्डर बनाएर अनुशासित रूपमा काम अगाडि बढाइने उल्लेख गर्नुभयो । प्रतिपक्षको मुख्य जिम्मेवारी सरकारमाथिको निगरानी गर्नु भएकाले कानुनको शासन उल्लंघनविरुद्ध कांग्रेसले सशक्त रूपमा उभिएर यो भूमिका निर्वाह गर्ने उहाले बताउनुभयो । त्यस्तै उहाले तिहार र छठलगत्तै लीडरशिप एकेडेमी, इलेक्सन ब्युरो र गभर्नन्स इन्स्टिच्युटले काम सुरु गर्ने जानकारी दिनुभयो । नेता/कार्यकर्ताको रुचिअनुसार कार्य विभाजन गरिने र सह-महामन्त्रीहरूलाई स्पष्ट कार्ययोजनाका साथ आवश्यक जिम्मेवारी तोकिने उहाले



जानकारी दिनुभयो ।

उहाले हलभित्र सोफामा बसेर ताली बजाउने परम्परागत शुभकामना आदानप्रदान कार्यक्रमहरू अब नगर्ने घोषणा गर्नुभयो । सरसफाइ, विपन्नलाई सहयोग वा अन्य समुदायसँग प्रत्यक्ष जोडिने रचनात्मक कार्यक्रमहरू आयोजना गरिएमा मात्र सहभागी हुन उहाले निर्देशन दिनुभयो ।

परिणाम जे आए पनि विश्वासकको मत लिनेः मुख्यमन्त्री यादव



खबर दर्पण समाचारदाता

कार्तिक १२ गते, बर्दिवास

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिने बताएका छन् ।

विश्वासको मत लिँदा पक्षमा वा विपक्षमा जस्तोसुकै परिणाम आए पनि आफूले स्वीकार गर्ने

बाँकी पृष्ठ ३ मा

परिणाम जे आए पनि....

उनको भनाइ छ ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिन अझै केही समय बाँकी रहेकाले अन्य दलसँग औपचारिक तथा अनौपचारिक छलफल भइरहेको बताए । विश्वासको मत लिने समयसम्म राजनीतिक परिस्थिति आफ्नो पक्षमा आउन सक्ने आशा व्यक्त गर्दै उनले भने, 'संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनैपर्छ । त्यो बेलासम्म केही त होला । राम्रो परिणाम आउला, नभए नराम्रो आउला । जबसम्म सास छ, तबसम्म आश गर्नुपऱ्यो नि ।'

एमालेले सरकार छाड्नुको कारणबारे मुख्यमन्त्री यादवले १५ बुँदे सहमति कार्यान्वयन नभएको विषयलाई आधार बनाइएको बताए । तर, सहमतिका कतिपय बुँदा कार्यान्वयन भइसकेको र केही कार्यान्वयनको प्रक्रियामा रहेको उनले दाबी गरे । 'उहाँहरू मसँग असहमति भएरभन्दा पनि १५ बुँदे सहमति कार्यान्वयन भएन भनेर बाहिरिनुभयो । तर, त्यसमध्ये कतिपय सहमति कार्यान्वयन भएका छन्, केही कार्यान्वयन हुने क्रममा थिए । सबै कुरा भइसकेको पनि थिएन । किन एक्कासि छाड्नुभयो, मलाई पनि थाहा भएन,' उनले भने ।

प्रदेशमा अर्को गठबन्धन बन्ने चर्चाबारे सोधिएको प्रश्नमा मुख्यमन्त्री यादवले गठबन्धन बन्ने र फेरिने विषयलाई सामान्य रूपमा लिएको बताए । राजनीतिक दलहरूका मुद्दा, उद्देश्य र स्वार्थ मिल्ने अवस्थामा गठबन्धन बन्ने उनको भनाइ थियो ।

'सबैलाई सरकारमै जानुछ । सर कारमा जाने हो भने त्यहाँ आ-आफ्ना सर्त र सहमति हुन्छन् । कुन बेला कसको मिसन, आशय र मुद्दा मिल्छ, त्यसैअनुसार गठबन्धन गर्ने हो । गठबन्धन बन्छ, फेरिन्छ । मैले यसलाई सामान्य रूपमा लिएको छु,' उनले भने । मुख्यमन्त्री यादवले सरकारको भविष्यबारे आफ्नो पार्टीको केन्द्रीय नेतृत्वले पनि चासो राखिरहेको र आफू केन्द्रसँग नियमित सम्पर्कमा रहेको जानकारी दिए ।

विश्वासको मत प्राप्त हुनेमा कत्तिको विश्वस्त हुनुहुन्छ भन्ने प्रश्नमा उनले प्रयास जारी रहेको बताए । 'आश पनि छ, प्रयास जारी राखेकै छु । हेरौं, के हुन्छ,' उनले भने ।

गत असोज ३० गते नेकपा एमाले तीनदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि मधेस प्रदेश सरकार अल्पमतमा परेको हो । यद्यपि, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन । मुख्यमन्त्री यादवले कात्तिक २९ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ ।

१०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन् ।

यस्तो अंकगणितबिच मुख्यमन्त्री यादवका लागि विश्वासको मत जुटाउनु चुनौतीपूर्ण देखिएको छ । अन्य दलसँग भइरहेको छलफलले कस्तो रूप लिन्छ र प्रदेशको सत्ता समीकरण कुन दिशामा अघि बढ्छ भन्ने विषय विश्वासको मत लिने समयसम्म स्पष्ट हुनेछ ।

एभरेस्ट पेपर मिल्सका १७४ श्रमिकले पाए ६ करोड ३६ लाख भुक्तानी

खबर दर्पण समाचारदाता

असोज १२ गते, बर्दिवास

एभरेस्ट पेपर मिल्स प्रालिका श्रमिकले लामो समयको कानुनी र प्रशासनिक संघर्षपछि पाउनुपर्ने सेवा सुविधा बापत कुल ६ करोड ३६ लाख ६२ हजार ८ सय ३ रुपैयाँ ३८ पैसा भुक्तानी पाएका छन् ।

युवा, श्रम तथा रोजगार मन्त्रालयका अनुसार उद्योग प्रशासन र श्रमिकबीच विवाद बढेपछि १ सय ७४ श्रमिकले पाउनुपर्ने सेवा सुविधा र पारिश्रमिक माग गर्दै कानुनी प्रक्रिया अघि बढाएका थिए ।

अन्त्यमा श्रम अदालतको आदेश र जिल्ला प्रशासन कार्यालय धनुषामा भएको सहमति अनुसार सबै श्रमिकले विभिन्न चेकमार्फत बक्यौता रकम प्राप्त गरेको मन्त्रालयले जनाएको छ ।

पटक-पटकको कानुनी संघर्षपछि श्रम अदालतले १७ चैत २०८२ मा ५ करोड ८६ लाख ६० हजार ३ सय ९५ रुपैयाँ २२ पैसा भुक्तानी गर्न बैंक खाता फुकुवा आदेश दिएको थियो ।

तर, बैंक खाता फुकुवा गरिए पनि प्रतिष्ठानबाट रकम भुक्तानी नभएपछि श्रमिकले अदालतको अवहेलना भएको भन्दै पुनः निवेदन दिएका थिए ।

निर्णय कार्यान्वयन नभएको भन्दै पुनः निवेदन परेपछि २६ भदौ २०८३ मा सेयर धनीहरूको बैंक खाता, सम्पत्ति तथा सेयर समेत पुनः रोक्का गरिएको थियो ।

प्रशासनिक र कानुनी कार बाहीपछि अन्ततः ३० असोज २०८३ मा श्रम अदालतको आदेश बमोजिम ५ करोड ८६ लाख ६० हजार ३ सय ९५ रुपैयाँ २२ पैसा र भदौ तथा असोज महिनाको तलब सहित कुल ६ करोड ३६ लाख ६२ हजार ८ सय ३ रुपैयाँ ३८ पैसा बराबर रकम १ सय ७४ श्रमिकलाई भुक्तानी गरिएको मन्त्रालयले जनाएको छ ।

विभिन्न चेकमार्फत यो रकम हस्तान्तरण गरिएसँगै लामो समयदेखि रोकिएको सहमति र अदालतको निर्णय पूर्णरूपमा कार्यान्वयनमा आएको मन्त्रालयले बताएको छ ।

क्रिप्टो कारोबार गर्ने धनुषाका सुनिल पक्राउ

खबर दर्पण समाचारदाता

असोज १२ गते, बर्दिवास



दुई अर्ब रुपैयाँभन्दा बढीको अवैध क्रिप्टोकरेन्सी कारोबार गर्ने एक जना युवालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषाको सबैला नगरपालिका वडा नम्बर-१२ का २८ वर्षीय सुनिलकुमार यादव रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुका अनुसार यादवले 'बाइनान्स' एपमार्फत ठूलो मात्रामा अवैध क्रिप्टो कारोबार र अनलाइन सट्टेबाजी (बेटिङ) गराउने गरेको विशेष सूचना प्राप्त भएको थियो ।

सोही सूचनाका आधारमा खटिएको प्रहरी टोलीले सूक्ष्म निगरानी र प्राविधिक विश्लेषण गर्दा उनले बाइनान्स आइडीमार्फत २ करोड ६९ लाख ९१ हजार ३८८ अमेरिकी डलर बराबरको कारोबार गरेको खुलेको हो । प्रति डलर १५१.५३ रुपैयाँको विनिमय दरअनुसार उक्त रकम नेपाली रुपैयाँ २ अर्ब १६ करोड १ लाख २० हजार ८२१ हुन आउँछ ।

यादवलाई जिल्ला प्रहरी कार्यालय, धनुषाको समन्वयमा पक्राउ गरी थप कारबाहीका लागि काठमाडौं ल्याइएको छ । उनीविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-५ को दफा १२५ अन्तर्गत 'जुवा खेल्न वा सट्टेबाजी गर्न नहुने' र दफा २६२ ९क० १ अन्तर्गत 'अभौतिक मुद्राको प्रयोग गर्न नहुने कसुरमा मुद्दा अघि बढाइएको छ ।

यस सम्बन्धमा काठमाडौं जिल्ला अदालत, बबरमहलबाट म्याद थप गरी आवश्यक अनुसन्धान तथा कारबाही अघि बढाइएको कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक (एसपी) रामेश्वर कार्कीले बिहीबार जानकारी दिए ।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

शून्य सिटपछि मधेसवादी दलको मोर्चाबन्दी,.....

संगठन सुदृढीकरणमा प्राथमिकता

जसपा नेपालका उपाध्यक्ष जितेन्द्र सोनलले निर्वाचनमा राम्रो नतिजा ल्याउन संगठन बलियो हुनुपर्ने बताएका छन् । सरकारले निर्वाचनको मिति घोषणा गरेपछि पार्टी निर्वाचनमा सहभागी हुने भए पनि अहिले संगठन निर्माणलाई प्राथमिकता दिइएको उनको भनाइ छ ।

'चुनाव नियमित प्रक्रियाअनुसार हुने नै हो । सरकारले चुनावको मिति घोषणा गरेपछि त्यसमा भाग लिन्छौं नै, तर प्राथमिक कुरा संगठन हो । त्यसका लागि हामी संगठनको काममा लागेका छौं,' सोनलले भने ।

जसपा नेपाल र लोसपा नेपालबीच एकतापछि संगठनात्मक समायोजन तथा आन्दोलनको तयारी भइरहेको उनले बताए । तत्काल निर्वाचनको रणनीतिभन्दा संगठनलाई व्यवस्थित बनाउने काममा पार्टी केन्द्रित रहेको उनको भनाइ छ ।

यता, राष्ट्रिय मुक्ति पार्टीका महासचिव सन्तोष मेहताले स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा हुनुपर्ने धारणा राखेका छन् । स्थानीय तहको निर्वाचनमा गैरदलीय प्रतिस्पर्धा गर्ने विषयमा आफूहरू सकारात्मक रहेको बताउँदै उनले यसका लागि अन्य दलसँग पनि छलफल भइरहेको जानकारी दिए ।

इतिहासकै कमजोर अवस्थामा मधेसवादी दल

मधेस आन्दोलनपछि राष्ट्रिय राजनीतिमा प्रभावशाली उपस्थिति बनाएका मधेस केन्द्रित दलहरू अहिले प्रतिनिधि सभामा प्रतिनिधित्वविहीन भएका छन् । लामो समयसम्म सत्ता र सरकार मा सहभागी भए पनि आन्दोलनका मुद्दा तथा जनअपेक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्न नसकेको आरोप उनीहरूले खेप्दै आएका छन् ।

सामाजिक अभियन्ता डा. सोहन साह मधेस केन्द्रित दलहरू अझै पनि पुरानै राजनीतिक शैलीमा सीमित रहेको बताउँछन् ।

'मधेस केन्द्रित दलहरू अझै पनि यथास्थितिमा छन् । यथास्थितिमा जतिसुकै बल गरे पनि नतिजा शून्य हात लाग्ने देखिन्छ,' उनले भने ।

जेनजी आन्दोलनपछि राजनीतिमा नयाँ पुस्ताको सक्रियता बढेको, मतदाताको अपेक्षा परिवर्तन भएको र परम्परागत राजनीतिक शैलीप्रति प्रश्न उठ्न थालेको विश्लेषकहरूको भनाइ छ । यस्तो अवस्थामा मधेस केन्द्रित दलहरूले आफ्नो संगठन, नेतृत्व र राजनीतिक कार्यशैलीमा परिवर्तन गर्न नसके आगामी निर्वाचनमा पनि चुनौती सामना गर्नुपर्ने उनीहरूको आकलन छ ।

जसपा नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र नेपाल संघीय समाजवादी पार्टीलगायत दलको स्थानीय तह तथा प्रदेश सभामा उपस्थिति छ । आगामी निर्वाचनमा ती उपलब्धि जोगाउनु पनि उनीहरूका लागि चुनौतीपूर्ण हुने देखिएको छ ।

संसद्मा उदयदेखि प्रतिनिधित्वविहीन अवस्थासम्म

मधेस केन्द्रित दलहरूको संसदीय यात्रा २०४८ सालको आमनिर्वाचनदेखि नै सुरु भएको हो । गजेन्द्रनारायण सिंहको नेतृत्वमा रहेको नेपाल सद्भावना पार्टीले त्यस निर्वाचनमा छ सिट जितेको थियो । कपिलवस्तु र सप्तरीबाट एक-एक तथा नवलपरासी र रुपन्देहीबाट दुई-दुई सिट जित्दै उक्त पार्टीले संसद्मा प्रतिनिधित्व स्थापित गरेको थियो ।

२०५१ सालको मध्यावधि निर्वाचनमा तीन सिटमा सीमित भएको सद्भावना पार्टीले २०५६ सालमा पाँच सिट जितेर आफ्नो उपस्थिति पुनः बढाएको थियो ।

२०६२/६३ को जनआन्दोलन र मधेस आन्दोलनपछि मधेसी जनअधिकार फोरम नेपाल, तराई मधेस लोकतान्त्रिक पार्टी र सद्भावना पार्टीजस्ता दलको प्रभाव विस्तार भयो । २०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा फोरम नेपालले प्रत्यक्षतर्फ ३० सिट जितेको थियो । त्यस्तै, तमलोपाले नौ र सद्भावना पार्टीले चार सिट जितेका थिए । समानुपातिकसमेत जोड्दा मधेस केन्द्रित दलहरूको संविधान सभामा उल्लेख्य उपस्थिति थियो ।

तर, पार्टी विभाजन, नेतृत्वबीचको विवाद र सत्ता समीकरणमा केन्द्रित राजनीतिसँगै उनीहरूको जनाधार क्रमशः कमजोर हुँदै गयो । २०७० सालको संविधान सभा निर्वाचनमा प्रत्यक्षतर्फ फोरम नेपाल दुई सिटमा खुम्चियो भने फोरम लोकतान्त्रिकले चार सिट जित्यो । सद्भावना पार्टीले एक र तमलोपाले चार सिट जितेका थिए ।

२०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालले प्रत्यक्षतर्फ कुल २१ सिट जितेका थिए । तर, २०७९ सालको निर्वाचनमा जसपा नेपालले सात, तत्कालीन लोसपा नेपालले चार र जनमत पार्टीले एक सिट जिते । यसरी मधेस केन्द्रित तीन दलको प्रत्यक्षतर्फको प्रतिनिधित्व ११ सिटमा सीमित भयो ।

त्यसपछि पनि दलहरूबीच विभाजन, एकता र सत्ता सहकार्यका प्रयास भइरहे । तर, २०८२ साल फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा मधेस केन्द्रित कुनै पनि दलले प्रत्यक्षतर्फ एक सिटसमेत जित्न सकेनन् ।

मतपरिणामले देखाएको चुनौती

निर्वाचनमा जसपा नेपालले समानुपातिकतर्फ एक लाख ७४ हजार ३१७ मत प्राप्त गरेको थियो । जनमत पार्टीले ७८ हजार ९७३ मत पाउँदा नागरिक उन्मुक्ति पार्टी नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल र जसपा (अशोक राई पक्ष) ले एउटै चुनाव चिह्नमा प्रतिस्पर्धा गर्दै कुल ६१ हजार ५३४ मत प्राप्त गरेका थिए ।

त्यस्तै, नेपाल संघीय समाजवादी पार्टीले २८ हजार ३२६ र आम जनता पार्टीले १३ हजार ४३९ मत प्राप्त गरेका थिए । अन्य मधेस केन्द्रित तथा साना राजनीतिक दलले प्राप्त गरेको मतसमेत जोड्दा उनीहरूको मत विभिन्न दलमा विभाजित भएको देखिन्छ । कुनै पनि दलले प्रत्यक्षतर्फ जित हासिल गर्न नसक्नु र समानुपातिकतर्फ राष्ट्रिय दलको मान्यता प्राप्त गर्न आवश्यक मतसीमा पार गर्न नसक्नु उनीहरूका लागि ठूलो चुनौती बनेको छ ।

प्रतिनिधि सभामा प्रतिनिधित्व गुमाएपछि मधेस केन्द्रित दलहरू आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनमार्फत आफ्नो राजनीतिक प्रभाव पुनः स्थापित गर्ने प्रयासमा छन् । त्यसका लागि मोर्चाबन्दी, संगठन विस्तार, साझा चुनाव चिह्न र सिट बाँडफाँटजस्ता विकल्पमा छलफल भइरहेको छ ।

तर, विगतका विभाजन, नेतृत्वबीचको अविश्वास, सत्ता केन्द्रित राजनीतिप्रतिको आलोचना र बदलिँदो मतदाता मनोविज्ञानका बीच उनीहरूले जनविश्वास कसरी पुनः प्राप्त गर्छन् भन्ने प्रश्न भने अझै अनुत्तरित छ । आगामी निर्वाचनले मधेस केन्द्रित दलहरूको संगठनात्मक क्षमता, राजनीतिक मुद्दाप्रतिको प्रतिबद्धता र आपसी सहकार्यको प्रभावकारिताको परीक्षण गर्नेछ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७३।०५।१२ मा दर्ता भएको प्रा.लि.नं.१५४७०८ भएको शिव शंकर काष्ठ उद्योग (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।११ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७२।०५।१६ मा दर्ता भएको प्रा.लि.नं.१३९४८३ भएको विसक्सेन बुटिक रिसोर्ट (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।०१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।



गौशाला नगरपालिका, महोत्तरी

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

अनुरोधकर्ता :

औरही नगरपालिका

महोत्तरी
मधेश प्रदेश

काठमान्डुमाथि जनकपुरको सहज जित





खबर दर्पण समाचारदाता

कार्तिक १२ गते, बर्दिवास

जनकपुर बोल्ट्सले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) मा पहिलो जित दर्ता गरेको छ। काठमाण्डुले दिएको ११६ रनको लक्ष्य जनकपुरले १७ ओभर २ बलमा २ विकेट गुमाएर पूरा गर्यो ।

जनकपुरका लागि ओपनिङ ब्याटर मोइन अलीले अर्धशतक पूरा गरे । उनी ५१ ब्लमा ५८ रनमा अविजित रहे । उनले ३ चौका र ३ छक्का प्रहार गरे । मोइनले सैफ हसनसँग तेस्रो विकेटका लागि ७९ रनको अविजित साझेदारी गर्दै जनकपुरलाई जित दिलाए। हसन ३९ बलमा ४० रन बनाएर अविजित रहे ।

७ रनमा ओपनर तृतराज दासलाई गुमाएको जनकपुरले ३७ रन जोड्दा मयन यादवलाई गुमाएको थियो। तृत ५ र मयन ९ रनमा आउट भएका थिए । त्यसपछि जनकपुरको ब्याटिङ मोइन र हसनले सम्हालेका थिए । बलिङमा काठमाण्डुका रिपोन मोन्डलले एक विकेट लिए ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको काठमाण्डु १९ ओभर ३ बलमा ११५ रनमा अलआउट भएको थियो । काठमाण्डुलाई सस्तोमै समेट्न बलिङमा जनकपुरका आइकोनिक प्लेयर राहुल यादवले उत्कृष्ट प्रदर्शन गरे। र ाहुलले ४ ओभरमा ३१ रन खर्चिएर महत्वपूर्ण ४ विकेट लिए । उनले दुवै ओपनर साम र पटेलसहित कप्तान करण र आदिल आलमको विकेट लिए । सैफ हसनले २, मोइन अली, कप्तान हर्मीत सिंह र ललित र ाजवंशीले एकएक विकेट लिए । ब्याटिङमा काठमाण्डुका लागि भीम सार्कीले सर्वाधिक ३३ रन बनाए । उनले २९ बलमा चार चौका प्रहार गरे । काठमाण्डुले खेल भर नै ठूलो साझेदारी बनाउन सकेन । ६ रन जोड्दा ओपनर साम हिजलेटलाई गुमाएको काठमाण्डुले १९ रन जोड्दा हरिशंकर शाहलाई गुमाउन पुग्यो । साम एक र हरिशंकर ९ रनमा पभेलियन फर्किए । त्यसपछि पनि काठमाण्डुले लगातार विकेट गुमाउँदै गयो । रसिद खान १७, स्मित पटेल १३ सुमित महर्जन १०, कप्तान करण केसी ८, जहानदाद खान ५ रनमा आउट हुँदा मोहम्मद आदिल आलम पहिलो बलमै एनबीडब्लुको शिकार बने । रिपोन मोन्डल ९ रनमा आउट हुँदा शाहव आलम ४ रनमा अविजित रहे ।

पहिलो खेलमा जनकपुर कर्णाली याक्ससँग १९ रनले पराजित भएको थियो। आजको दोस्रो खेलमा साँझ ५ बजे विराटनगर किंग्स र कर्णाली याक्स भिड्नेछन् ।

कक्षा ९ मा पढ्ने १६ वर्षे राहुल जसले काठमाडौंको ब्याटिङ ध्वस्त पारे

नेपाली क्रिकेटमा नयाँ प्रतिभाको खोजी भइरहेका बेला जनकपुर बोल्ट्सका युवा मध्यम गतिका बलर राहुल यादवले आफ्नो क्षमताको प्रभावशाली नमुना प्रस्तुत गरेका छन्।

कक्षा ९ मा अध्ययनरत १६ वर्षीय राहुलले नेपाल प्रिमियर लिग (एनपिएल) मा बिहीबार काठमाडौं गोर्खाजविरुद्ध चार विकेट लिए।

यसअघि कर्णालीविरूद्धको डेब्यू एनपिएल खेलमा उनले १५ रन खर्चेर दुई विकेट लिएका थिए।

बिहीबार कीर्तिपुरस्थित त्रिवि मैदानमा काठमाडौंको ब्याटिङ धराशायी पार्ने क्रममा राहुलले चार ओभरमा ३१ रन खर्चिएर चार विकेट लिए। उनले साम हेजलेट, स्मित पटेल, कप्तान करण केसी र मोहम्मद आदिल आलमलाई आउट गरे। उनको प्रदर्शनले जनकपुरलाई काठमाडौंले दिएको ११६ रनको लक्ष्य पछ्याउन सहज बनायो। जनकपुरले आठ विकेटको जित निकाल्यो।

काठमाडौंविरूद्धको खेलपछि उनले पहिलो बलमै नै विकेट लिँदा आत्मविश्वास बढेको बताए।

'कर्णालीविरूद्धको पहिलो खेल एनपिएलमा मेरो पहिलो थियो। केही नर्भस थिए,' राहुलले भने, 'पहिलो खेलमा विकेट लिन सफल भएपछि आज त्यो डर भाग्यो। त्यसैले आज विकेट लिन सफल भए।'

जनकपुर बोल्ट्ससँगको कुराकानीमा उनले आफ्नो बुबाले क्रिकेट नबुझे पनि सपोर्ट गर्ने बताएका थिए।

मधेश प्रदेशको रौतहटस्थित चन्द्रपुरका राहुलले खुला मैदानबाट क्रिकेट खेल्न सुरु गरेका हुन्। चन्द्रपुर क्रिकेट एकेडेमीमा आफ्नो बलिङ कौशल निखारेका उनले कम उमेरमै आफ्नो गतिका कारण ध्यान आकर्षित गर्न थाले।



जनकपुर बोल्ट्सले आयोजना गरेको ट्यालेन्ट हन्टबाट छनोट भएका राहुल टोलीका आइकोनिक खेलाडीका रूपमा एनपिएलमा आवद्ध भएका हुन्। प्रतिभा पहिचान गर्ने प्रतियोगिताबाट ठूलो लिगसम्म पुग्नु उनको क्रिकेट यात्राको महत्त्वपूर्ण उपलब्धि हो।

एनपिएलअघि चन्द्रपुर क्रिकेट लिगमा पनि उनले प्रभावशाली प्रदर्शन गरेका थिए। उक्त प्रतियोगितामा म्यान अफ द म्याच बनेका राहुलले एनपिएलमा समेत आफ्नो क्षमता प्रमाणित गर्ने संकेत दिएका थिए।

एनपिएलमा कर्णाली याक्सविरुद्धको खेलमा राहुलले दुई विकेट लिएका थिए। त्यस प्रदर्शनले उनको बलिङ क्षमताबारे चर्चा सुरु गराएको थियो।

काठमाडौंविरुद्धको खेलमा भने उनले विकेट लिने क्षमतालाई अझ प्रभावकारी रूपमा प्रस्तुत गरे। शीर्षक्रमका ब्याटरलाई सुरुमै दबाबमा राखेका राहुलले यो सिजन राम्रो छाप छाड्ने संकेत गरेका छन्।



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,